# लोक सेवा आयोग

## दरखास्त व्यवस्थापन केन्द्र, अनामनगर

**नेपाल इञ्जिनियरिङ्ग सेवा, सर्भे समूहको रा.प.तृतीय श्रेणी प्राविधिक (खुला तथा समावेशी) र स्वास्थ्य सेवाका सातौं र आठौं तहका पदमा दरखास्त दिने उम्मेदवारहरुको दरखास्त साथ दरखास्त फाराममा खुलाइएको विवरणको सक्कल कागजात रुजु (Verification) गराउने सम्बन्धी लोक सेवा आयोगको सूचना**

मिति २०७३/०७/२४ गते आयोगबाट रा.प.तृतीय श्रेणी प्राविधिक (खुला तथा समावेशी) तर्फका रिक्त पदहरुको पूर्तिका लागि विज्ञापन प्रकाशन हुँदा नेपाल इञ्जिनियरिङ्ग सेवा, सर्भे समूहको पदमा र स्वास्थ्य सेवातर्फका सातौं र आठौं तहका पदहरुमा दरखास्त दिने उम्मेदवारहरुले दरखास्त दिने क्रममा खुलाएका विवरणहरुको सक्कल कागजात (नागरिकता, शैक्षिक योग्यताका लब्धाङ्कपत्र, समावेशी विवरण खुल्ने कागजात, स्तर वृद्धि भएको भए सो सम्बन्धी कागजात, समकक्षता/सम्बद्धता निर्धारण गरेका कागजात, सम्बन्धित व्यवसायिक परिषदमा दर्ता/नवीकरण भएका कागजात) हरुको सक्कल सहित नक्कल १/१ प्रति साथमा लई परीक्षा हुने मितिभन्दा कम्तीमा १५ दिन अगाडिसम्म दरखास्त व्यवस्थापन केन्द्र, अनामनगरबाट रुजू (Verification) गराउनु पर्नेछ । यसरी रुजू भएपछि सम्बन्धित पदका लागि योग्य ठहरिएका उम्मेदवारलाई मात्र लिखित परीक्षामा सहभागी गराइनेछ भनी उल्लेख भएकोमा उपरोक्त पदहरुमा दरखस्त दिने उम्मेदवारहरुको सुविधालाई ध्यानमा राखी सक्कल कागजात रुजू गर्ने (Verification) कार्य आयोगको मिति २०७३/९/१८ को निर्णयानुसार दरखास्त व्यवस्थापन केन्द्रको साथै आयोगका क्षेत्रीय निर्देशनालयहरु र अञ्चल कार्यालयहरुबाट समेत गर्ने व्यवस्था गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।